# सुरक्षा र विकासः एक रथका दुई पाङ्ग्रा

**ज्यो.पं. पद्मभक्त खरेलोपाध्याय**


**लेखसार**

*शान्ति, सुरक्षा र विकासका सम्बन्धमा विश्वको पहिलो जननी नेपाल हो । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने र नेपाल सरकारले नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने संवैधानिक र कानुनी प्रावधान रहेको छ । सेनालाई विकास-निर्माणको काममा लगाउँदा पेशागत दक्षतामा कत्ति पनि असर पर्दैन । राष्ट्रिय सुरक्षा दर्बिलो भएन भने विकास-निर्माणले गति लिन सक्दैन ।*


**शब्दकुञ्जीः** राष्ट्ररक्षा, विकास, राष्ट्रभक्ति, साम्राज्य, गोपनीयता, राष्ट्रिय एकता, राष्ट्रनिर्माण ।

## परिचय

आफ्नो देश र राष्ट्रप्रतिको गहिरो प्रेम नै राष्ट्रियता हो । राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना, राष्ट्रप्रेम र आफ्नोपन नै राष्ट्रियता हो (पोखरेल र अरु (सम्पा), वि.सं. २०४०, पृ.११४१) । राष्ट्रियता भनेको अर्को अर्थमा देशभक्ति हो । देशको उन्नति प्रगतिका निम्ति गरिने कार्य नै देशभक्ति हो (पोखरेल र अरु, वि.सं. २०४०, पृ.६६९) । देशप्रति श्रद्धा र वफादारी राख्ने व्यक्ति नै देशभक्त हो । नेपालीहरु सधैँ देशभक्त रहिआएका छन् । मुगल साम्राज्यले भीमफेदीसम्म आक्रमण गर्न आउँदाको अवस्थामा होस् वा सिन्धुलीगढीमा अंग्रेजहरुले आक्रमण गर्न आउँदाका बेलामा होस्, औंलोमा जीवन यापन गरिरहेका थारुहरुले छोटोबाटोबाट सरकारलाई सूचना दिएर आफ्नो राष्ट्र जोगाउन गरेको जोखिमपूर्ण तथ्यलाई राष्ट्रियताको बलियो प्रमाणका रुपमा लिन सकिन्छ ।

गोर्खाली (नेपाली) सेना आइपर्दा शार्दूलका चालमा हिँड्न, कुद्न र ढुक्न सक्षम रहेको छ । विगतका इतिहासहरुले यस कुरालाई प्रमाणित गरिसकेको छ । राष्ट्रियताको ओतप्रोतले टिष्टा, कांगडा र गंगाको तटमा मात्रै होइन, भोटसम्म पनि आफ्नो बीरताको झण्डा नेपाली सेनाले फहराएको थियो । नेपाली सेना युद्धका मैदानहरुमा पीठ् फर्काएर भाग्ने गरेको छैन । प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धमा नेपाली सेनाले कीर्तिमान कायम गरेको छ । नेपालको सेनाको नाम आज पनि चम्किलो छ । सबैभन्दा महान् राष्ट्रियता त्यही हो, जसले आफ्नो गोपनीयता भङ्ग गर्दैन । अहिलेसम्म नेपाल कसैको गुलाम नभएर स्वतन्त्र सार्वभौम राष्ट्र हुनुको कारण पनि यही हो ।

## विषयवस्तुको विश्लेषण

राष्ट्रियता विना राष्ट्रिय एकता हुँदैन । राष्ट्रियताको अर्को नाम राष्ट्रिय एकता हो । राष्ट्रिय एकता देशभक्तिले हुन्छ । नेपालको इतिहासमा राष्ट्रिय एकता अत्यन्त सबल छ । यो कसैले हल्लाएर नहल्लिने राष्ट्रिय एकता छ । टिष्टा-कांगडादेखि नालापानीको युद्धमा होस् कि कालापानीको समस्यामा होस्, नेपालीहरु सधैँ एक भएर लड्ने गर्दछन् । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको नेतृत्वमा नेपालको एकीकरण सेनाले गरेको हो । नेपाली सेनाप्रति नेपालीहरुको पूर्ण विश्वास र भरोसा रही आएको छ । युद्धका मैदानहरुमा जनताले सेनालाई सहयोग गरेका छन् र त्यो सहयोग अझै गरिरहने छ । नेपाली सेना विदेशी सेना नभएकाले नेपाली सेनासँग नेपालीहरुको

पारिवारिक मात्रै होइन कि आत्मीय सम्बन्ध पनि छ। नेपाली सेना सबै नेपालीको घुमाउरो नातामा पर्दछन्। यसैले द्वन्द्वकालमा पनि उनीहरुले खासै नोक्सानी पुऱ्याएको देखिँदैन। शत्रु राष्ट्रसँग लड्नुपरेको भए नेपाली सेनाले आफ्नो बहादुरी देखाउने थियो। नेपाली सेना राष्ट्र रक्षाका लागि मात्रै होइन, राष्ट्रिय सुरक्षा र विकासका लागि पनि निरन्तर खटिरहेको छ। यसले द्वन्द्वकालमा समेत राष्ट्रिय सुरक्षा र विकासमा आफ्नो जिम्मेवारी बहन गरिरहेको थियो। विकास-निर्माणमा खटिएका सैनिकहरु तत्कालीन विद्रोहीहरुबाट सहादत भए पनि सेनाले उच्च मनोबलका साथ विकास-निर्माणलाई निरन्तरता दिँदै गयो। सेनाको अथक परिश्रमका कारण कर्णाली राजमार्ग (सेजुवाल, वि.सं. २०७६) सम्पन्न भइ विकासले नयाा मोड लिएको छ। ५५.५ किमी सडक, ६.४१ किमी सुरुङ र १०.५९ किमी पुल रहेको कुल ७२.५ कि.मी. काठमाडौं-निजगढ फास्ट ट्र्याक २०८१ बैशाखसम्ममा पूरा हुने लक्ष्य सेनाले लिएको छ (फास्ट ट्र्याक निर्माण वैशाखमा सकिन्छ, वि.सं. २०७६)। रसुवा लगायत अनेक राजमार्गहरु सेनाले बनाएर जनताको मन जित्न सफल भएको छ।

नेपाली सेनाले विभिन्न २७ सडक आयोजनाअन्तर्गत एक हजार ६५ किलोमिटर लम्बाइको सडक निर्माण सम्पन्न गरी नेपाल सरकार, सडक विभागलाई हस्तान्तरण गरेको छ। यसबाहेक सेनाको अगुवाइमा महत्त्वपूर्ण पाँच सडक आयोजना (५३२.९७ कि.मी.) निर्माणाधीन क्रममा रहेको छ। विकास-निर्माणमा नेपाली सेना संलग्न भएको आधुनिक इतिहास हेर्दा वि.सं. २०१६ मा कान्ति राजपथ र वि.सं. २०१८ मा भक्तपुर-नगरकोट सडक निर्माणबाट शुरु भएको देखिन्छ। आधुनिक नेपालको एकीकरणका युद्धदेखि प्रथम र द्वितीय विश्वयुद्धसम्मको अनुभव सँगालेको नेपाली सेना शान्तिको समयमा मुलुकका ठूला र महत्त्वपूर्ण पूर्वाधार निर्माणमा समेत अब्बल बन्दै गएको छ (ओझा, वि.सं. २०७६)। रसुवा, ओखलढुङ्गा, रुकुम, कालिकोट, जुम्ला, जाजरकोट, जुम्ला मुस्ताङ, मनाङ र मुगु सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने कार्यमा सेनाको उल्लेखनीय योगदान रहेको छ। डोल्पा र हुम्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोड्ने कार्य द्रुत गतिमा भइरहेको छ। यसै गरी कर्णाली करिडोर खुलालु-लैफु-सरिसल्ला खण्ड (१४५ कि.मी.), बेनिघाट-आरुघाट-लार्के भञ्ज्याङ (११८ कि.मी.) र कालिगण्डकी कोरिडोर रिडी मालढुङ्गा खण्ड सडक (८० कि.मी.) रहेका छन्। सेनाले विभिन्न सडक आयोजनाअन्तर्गत एक हजार १९७ मिटर लम्बाईका ३० पुल (बेलिब्रिज) निर्माण गरिसकेको छ। बाढी पहिरोबाट अवरुद्ध सडक खोल्ने कार्य, नदी कटान रोक्ने कार्यमा सेनाले आफ्नो ज्यान बाजी राखेर कार्य गरेको छ। २०५० सालको बाढी पहिरो, २०६५ सालको कोशी कटान र २०७१ सालको जुरे पहिरो नियन्त्रणमा सेनाले गरेको कार्यको जनताले प्रशंसा गरेका छन्। २०७५ चैतमा बारा र पर्सामा आएको घुम्रपात (टोर्नाडो) बाट तहसनहस बनेको बस्तीमा सरकारले दिएको जिम्मेवारीअनुसार सेनाले ८६९ घर निर्धारित समयमै सम्पन्न गरी स्थानीयलाई हस्तान्तरण गरेको छ।

नेपाली सेना नाफामूलक विषयमा होइन, सरकारले खटाएको काममा सेवामूलक काम गर्न दत्तचित्त भएर खटिरहेको छ। नेपाली सेना राष्ट्रिय सुरक्षा र विकासमा एक रथका दुई पाङ्ग्रा जस्तै एकसाथ अगाडि बढिरहेको छ। अन्य देशहरुमा बारम्बार सैनिक विद्रोहहरु भए पनि नेपाली सेना कहिल्यै विद्रोहमा गएको छैन। सेनाको नेतृत्व र तिनका सहयोगी कमाण्डरहरुका तल्लो तहसम्मका जवानहरुको हातेमालोले गर्दा नेपाली सेना एकढिक्का रहिआएको छ। चाहे बाढी पहिरो जाँदा होस् वा अन्य दैवी प्रकोप हुँदा वा भूकम्पका समयमा नै किन नहोस्, आफ्नो घर परिवारको चिन्ताभन्दा राष्ट्रको चिन्ता बोकेर उनीहरु ज्यानको बाजी राखी खटिइरहेका हुन्छन्। दशैं तिहार लगायतका अनेक चाडपर्वहरुमा समेत पल्टनलाई नै घर सम्झेर रमाइलो

गर्दछन् । आपत्‌विपत्‌मा परेका मानिसहरु र प्रसूती व्यथाले छटपटाइरहेका मानिसहरुको उद्धार गरी ज्यान जोगाउने काम पनि सेनाले गर्दै आएको छ । जनताको रक्षा नै देशको रक्षा भन्ने सन्देश दिन सेना सफल भएको छ । देशभक्ति सेनाको शक्ति भएको छ । देश रक्षा र विकास नेपाली सेनाले आफ्नो धर्म मानेको छ । चन्द्र-सूर्य अङ्कित राष्ट्रिय झण्डा (*नेपालको संविधान,* वि.सं. २०७२, अनुसूची १) सेनालाई आफूहरुले आर्ज्याको नेपाल जत्तिकै प्यारो छ । यसमा नेपाली सेना अटल छ । संसदीय, संघीय, स्थानीय निर्वाचनहरुको सुरक्षामा नेपाली सेनाले गरेको कार्य प्रशंसनीय छ । सङ्कटकालको समय तथा प्रत्यक्ष शासनकालमा सेनाले दिएको सुरक्षा घेराले सेनाको आफ्नो शक्ति र औकातलाई अरु प्रस्ट पारेको अनुभव देखे बुझ्ने र सुनेकै हो । राष्ट्रिय सुरक्षा परिषद् (नेपालको संविधान, वि.सं. २०७२, धारा २६६) तथा स्थानीय सुरक्षा समिति (स्थानीय प्रशासन ऐन, वि.सं. २०२८, दफा ६(७) मा सेनाको प्रतिनिधित्व रहने व्यवस्थाले नेपाली सेनालाई अलग गरेर सुरक्षा मजबुत हुन नसक्ने प्रस्टै देखिन्छ । राष्ट्रिय सुरक्षा मजबुत भएको खण्डमा नै देश-विकासले काँचुली फेर्ने अवस्था रहन्छ ।

**मुख्य खण्ड : सुरक्षा र विकास**

राष्ट्रिय शान्ति विना विकास सम्भव छैन । नेपाल एकीकरणपछि राणा शासनकालमा शान्ति सुरक्षा चुस्त र भरपर्दो थियो । कालो दौरा-सुरुवाल लगाएको सिपाही गाउँमा छिर्दा सिङ्गो गाउँ, आफू सुरक्षित भएको अनुभव गर्थ्यो । तिनै सिपाहीको अनुरोधमा प्रत्येक गाउँमा घोडेटो बाटाहरु निर्माण भएका थिए । राणा कालमा अहिले जस्तो जनप्रतिनिधिको व्यवस्था थिएन । सेनाहरु मार्फत् श्री ३ महाराजहरुमा जाहेर भएर विकास-निर्माणहरु हुने गर्दथे । सेनाको सहभागितामा विकासका अभियानहरु आधुनिक नेपाल निर्माणसँगै देशैभरि चलेको छ । २००७ सालमा प्रजातन्त्र स्थापना हुनु अघिसम्म घोडेटो बाटो अभियानकै रुपमा निर्माण भएको थियो । त्यस बेलाको घोडेटो बाटो अहिलेको मोटरबाटो जस्तै हो । एशियाकै पहिलो जलविद्युत आयोजना फर्पिङ नेपाली सेनाको अगुवाईमा तयार भएको थियो । विकास-निर्माणमा सेनाको संलग्नता कुनै पनि कोणबाट चिन्ताको विषय ठान्नु हुँदैन । झण्डै ९६ हजारको संख्यामा रहेको नेपाली सेनालाई सुरक्षाका साथै विकास-निर्माणमा सहभागी गराउने कार्यले राष्ट्रनिर्माणमा अरु इट्टाहरु थपिँदै जाने अवस्था रहन्छ । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले संविधानले नै सेनालाई कानुनबमोजिम विकास-निर्माण र विपद् व्यवस्थापनमा लगाउन सकिने उल्लेख भएको संसदमा बताउनुभएको थियो । सरकारबाट जिम्मेवारी पाएपछि नेपाली सेनाको इन्जिनियर विभागको दक्ष प्राविधिकले विकास निर्माणको काम सम्पन्न गर्दै आएको छ । राष्ट्र-विकासका लागि नेपाली सेनाको पेशागत दक्षता र क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

वि.सं. २००७ को राजनैतिक परिवर्तनपछि त्रिभुवन राजपथ निर्माण भएको थियो । यसपछि वीरगञ्जदेखि काठमाडौंसम्म सिधै मोटर आइपुग्यो । अहिले त मोटरबाटो गाउँ-गाउँ र बस्ती-बस्तीमा पुग्न थालेको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्ग जस्तै अहिले मेची-महाकाली मदन भण्डारी/मध्य पहाडी लोकमार्ग पनि निर्माण भइरहेको छ । उत्तर-दक्षिण राजमार्गहरु पनि बनिरहेका छन् । पञ्चायतकाल दलविहीन व्यवस्था भए पनि त्यस समयमा विकासका पूर्वाधारहरु तयार भएका छन् । अभियानकै रुपमा शिक्षण संस्थाहरु खुलेका थिए । देशका ठाउँ-ठाउँमा विश्वविद्यालयहरु खुलेका छन् । अनेक प्राविधिक शिक्षालयहरु स्थापना भएका छन् । गाउँफर्क राष्ट्रिय अभियानले पनि जनशक्ति परिचालन गरेर जनताले ठाउँ-ठाउँमा मोटर बाटो निर्माण गरेका थिए । अहिले जस्तो राज्य व्यवस्थाबाट डोजरको सहयोग उपलब्ध हुने अवस्था थिएन । स्थानीय प्रशासन, सुरक्षाफौज र तत्कालीन जनप्रतिनिधिहरुको सहकार्य विकासको गति थियो ।

वि.सं. २०४६ को परिवर्तनपछि विकासको गतिले तीव्र लिन थालेको थियो र २०६२/६३ को जनआन्दोलनसँगैको राजनीतिक परिवर्तनपछि त्यस विकास कार्यले फेरि निरन्तरता पाउन थाल्यो । सञ्चार क्षेत्रमा पनि निजी लगानी बढेको छ। जब-जब मुलकमा शान्तिको अनुभव हुन्छ, तब-तब विकासले गति लिने गरेको छ। संसारभरि विकासको लहर परिवर्तनसँगै देखिएको हो । राष्ट्रिय एकताको नाममा राजा फालेर सिक्किम राष्ट्र लेण्डुप दोर्जेहरुले ३२ सिटको संसद्मा ३१ सिट जितेपछि देश नै भारतमा मिसाउने कार्य भयो। तर नेपालको अवस्था हिजो, आज र भोलि पनि त्यस्तो छैन । नालापानीको युद्धमा दुश्मनहरुले खानेपानीको मूहान नटुटाई दिएको भए न त नालापानी जान्थ्यो, न त बहादुर योद्धाहरु र तिन्का आश्रित परिवारहरुको नै ज्यान जान्थ्यो । लालमोहर नलागेको सुगौली सन्धिका नाममा गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले राष्ट्रलाई धोका दिई आफूखुसी सुगौली सन्धिमा हस्ताक्षर (योगी नरहरिनाथ, वि.सं. २०५५, पृ.७८) नगरेका भए नेपाल खुम्चेर बस्नुपर्ने थिएन । सुगौली सन्धि नेपालको चाहना र सत्य हुँदै होइन । त्यसबेला सेनालाई ठूलो चोट परेको छ। तत्कालीन समयमा त्यही अशान्तिले विकास अघि बढ्न पाएन ।

सर्वाङ्गीण विकासका लागि शान्ति अपरिहार्य हुन्छ। त्यसैले स्वर्गवासी राजा वीरेन्द्रले आफ्नो शुभ राज्याभिषेकका अवसरमा सामेल भएका १२९ देशमा राष्ट्राध्यक्ष, सरकार प्रमुख र कूटनीतिक प्रतिनिधिहरुका बीच २०३१ सालमा शन्ति क्षेत्र प्रस्ताव (Sharma, 2004 AD, pp. 44-50) राखेका थिए । २०४६ चैतसम्ममा ११६ राष्ट्रले यसमा समर्थन जनाएका थिए । नेपालमा रेल कुदाउने र अन्तर्राष्ट्रिय सागरहरुमा नेपालको पानी जहाज चलाउने कुराले मूर्तरुप शान्तिकालमै सम्भव हुन्छ। मुलुकले टेलिकम र यातायात क्षेत्रमा फड्को मार्दैछ। अहिले प्रत्येक व्यक्तिका हात हातमा मोबाइल चलिरहेको छ। नेपाली सेनाको नेतृत्वमा सुरक्षाफौजको बैठक बेला बेलामा बसेर सुरक्षा र सीमा सुरक्षाका बारेमा गहिरो अनुसन्धान र एकीकृत कार्य योजनाहरु लागु हुने गरेका छन्। नेपालको शान्ति सुरक्षा र सार्वभौमसत्ताको रक्षा गर्ने स्थानीय प्रशासनहरु र सत्तामा बसेका सरकारहरुले होइन, तिनीहरु त आदेश दिने मात्र हुन्। फिल्डमा भिड्ने भनेका सुरक्षाफौजहरु नै हुन्। तिनीहरु २४ सै घण्टा खटिरहेका हुन्छन्। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको समेत सुरक्षाफौजले निगरानी गर्दछ। सुरक्षाफौजले स्थलमार्ग, हवाई मार्ग, जलमार्गको सुरक्षा दिइरहेको छ। राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, जलाधार क्षेत्र, विद्युत गृह, दूरसञ्चार, खानेपानी मूहान पोखरीहरु, उच्च हिमाली क्षेत्रहरु, पहाडी क्षेत्र, पुल पुलेसा र बेलिब्रिज तथा तराई क्षेत्रहरुको सुरक्षा र विकासमा सुरक्षाफौजलाई साथ दिँदै आम नेपालीले राष्ट्रिय एकता अविछिन्न जनाइरहेका छन्। आफ्नो औकातअनुसार नेपाल विकासको गतिमा अविरल लम्किरहेको छ। राष्ट्रिय सुरक्षा भनेको हरेक आपत् विपद्मा समेत राष्ट्र रक्षा र हिफाजत हो। नेपालको राष्ट्रिय सुरक्षा नीति अनुरुप राष्ट्रको हिफाजत भइरहेको छ र भइरहने छ।

टिस्टा, कांगडा, गंगाको तट र भोटसम्म विजय गर्ने नेपाली सेना हो। नेपाली सेनाले राष्ट्रको ढुकुटीको जगेर्ना र रक्षा गरिरहेको छ। आपद् विपद् पर्दा शत्रुहरुलाई पनि नेपाली सेनाले जगेर्ना र सहयोग गरेको इतिहास पाइन्छ। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको नेपालको एकीकरण अभियान नेपाली सेनाले सफल पारेको हो। बेलायती देशमा घाम अस्ताउँदैन भन्ने कहावत थियो। भनाईको तात्पर्य बेलायतमा घाम डुब्दा भारत लगायतका उसका उपनिवेश राष्ट्रहरुमा सूर्योदय भइसकेको हुन्थ्यो। त्यस्तो शक्तिशाली ब्रिटेन सरकारलाई आपत् विपद् पर्दा नेपाली सेनाको आग्रहमा नेपालले ५७ करोड ५० लाख रुपैयाँ अनुदान सहयोग समेत गरेको थियो। जुन बेला सुनको भाउ प्रतितोला ५० रुपैया थियो। संयुक्त राष्ट्रसंघले द्वन्द्वग्रस्त मुलुकमा

शान्ति सेना मातहत विकास कार्यक्रम अघि बढाएकोमा नेपाली सेना अब्बल समेत देखिएको छ (*कान्तिपुर,* सन् २०१८) । कङ्गोमा शान्ति स्थापनार्थ सन् २००३ देखि नेपाली सेनाले विकास योजना बनाएर काम गरिरहेकोमा स्थानीयको मनसमेत जितेको छ । यो नेपाली सेनाको सुरक्षा र विकासको लागि विश्वसामु गतिलो उदाहरण हो । राष्ट्र संघीय शान्ति मिसनहरुमा नेपाली सेनाले पुऱ्याएको शान्ति सुरक्षाको विश्वभर सबैले खुलेर प्रशंसा गर्ने गरेका छन् । नेपाली सेनाले बिभिन्न राष्ट्रिय महत्त्व तथा गौरवका आयोजनाहरुको निर्माण कार्यमा विस्फोटक पदार्थको आपूर्ति गरी राष्ट्रको विकास निर्माणमा योगदान दिँदै आएको छ । अबका दिनमा नेपाली सेनाको दायरा अझ फराकिलो पार्दै भारत र चीन बीचको अन्तर्राष्ट्रिय सीमारेखाहरुमा नेपाली सेनाको उपस्थिति जनाउन सके राष्ट्रिय सुरक्षा अझ मजबुत भइ देश विकास अभियानले सार्थकता पाउने देखिन्छ ।

## निष्कर्ष

छरिएका राज्यहरुलाई एकीकरण गरिएको गौरबपूर्ण नेपालको इतिहासलाई केलाएर हेर्ने हो भने गोर्खाली सेनाको जन्म द्रव्य शाहको शासनकालमा भएको थियो । राष्ट्र निर्माता पृथ्वीनारायण शाहको उदयकालमा यसले सङ्गठित रुप धारण गरेको पाइन्छ । पृथ्वीनारायणको देहावसानपछि एकीकरण अभियानलाई राजेन्द्रलक्ष्मी, बहादुर शाह, भीमसेन थापा, अमरसिंह थापा, बलभद्र कुँवर, भक्ति थापा, उजिरसिंह थापा लगायत ज्ञात अज्ञात देशभक्त वीर अमर सहिदहरुले नेपाललाई स्वतन्त्र, सार्वभौम सम्पन्न राष्ट्र बनाएकाले नेपाल र नेपालीहरु पराधीन हुनु परेन । नेपाली सेनाले अवलम्बन गरेको एकीकरण पदमार्गले विकासको नयाँ आयाम फैलिएको छ । राष्ट्र सुरक्षित हुन सकेको खण्डमा विकासले गति लिने र आम नागरिकले यसबाट फाइदा लिइ जीवनस्तर सुध्रिने अवस्था रहन्छ ।

## सन्दर्भ सामग्री सूची


अनलाइन खबर (मंसिर २३, २०७६), *फाष्ट ट्र्याक निर्माण २०८१ बैशाखमा सकिन्छ,* Retrieved from https://www.onlinekhabar.com/2019/12/818782, on December 13, 2019.

ओझा, भीष्मराज (पुष १८, २०७६), *सेनाद्वारा एकहजार किमी सडक निर्माण,* काठमाडौं : रासस ।

कान्तिपुर दैनिक (जुलाई १८, २०१८), *शान्ति सेनाको काँधमा किन थपिँदै छ विकास ?* Retrieved from https://ekantipur.com/news/2018/07/28/153275018606991386.html?author=1, on December 13, 2019.

गौतम, युवराज (साउन १७, २०७६), *सेनाको त्रिशूल,* Retrieved from https://nagariknews.nagariknetwork.com/news/85029/.On December 6, 2019.

*नेपालको संविधान,* बि.सं. २०७२ ।

पोखरेल, बालकृष्ण र *अरु बृहत् नेपाली शब्दकोश (सन् २०४०), काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।*

सेजुवाल, कलेन्द्र (असोज २९, २०७६), कर्णाली करिडोर कि द्रुतमार्ग ?, Retrieved from https://ekantipur.com/news/2019/10/16/157119502348448000.html, on November 28, 2019.

स्थानीय प्रशासन ऐन, वि.सं. २०२८

Nepal Army (2019 AD), Retrieved from www.nepalarmy.mil.np, January 5, 2020.

Sharma, Umakant (2004 AD), The peace zone concept and its utility in Nepalese foreign policy, Journal of Political Science, Vol VII, Kathmandu : CDPSTU. pp. 44-50